# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खिजीदेम्बा गाउँपालिका
## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खिजीदेम्वा गाउँपालिका

## ओखलढुङ्गा

## आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## खिजीदेम्वा गाउँपालिका

## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

नेपाल
२०१६

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ५८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
खिजीदेम्वा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ५ लाख ४४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू.१ करोड १६ लाख ९० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख र नियमित गर्नुपर्ने रू.८६ लाख २८ हजार समेत रू.८८ लाख ५४ हजार रहेको छ ।यस गाउँपालिकाको गत वर्षसम्म रू.६ करोड ४५ लाख २७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.७ करोड १८ लाख ६२ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारी**को **जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(**श्रीकुमार राई** )
**नायब महालेखापरीक्षक**

खिजीदेम्वा गाउँपालिका,

ओखलढुंगा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५३ | ६६ | २०५४४ | ० | १८ | ११६९० | ५३ | ४८ | ८८५४ | १२६ | ८६२८ | १०० | ० | ० | ८७२८ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ६४५२७ | ० | १५१९ | ६३००८ | ० | ८८५४ | ७१८६२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ४३ | दैनिक भ्रमण भत्ता बढी भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश | २६४० |
| २ | | ४८ | बढी ग्रेड भुक्तानी रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ८७३६ |
| ३ | | ५० | करार कर्मचारीलाई महंगी भत्ता भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ११८८० |
| ४ | | ५२ | संघीय ससर्त शीर्षकबाट आन्तरिक खर्चको लागि सापटी लेखेको रकम संघीय सञ्चित कोषमा फिर्ता गरी प्रमाण पेश | ११२९३८०१ |
| ५ | | ५५.३ | पाठ्यपुस्तक बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | १२१९११ |
| ६ | | ५७ | बैंकमा बाँकी रहेको रकम फिर्ता गरेको प्रमाण पेश | २५११९७ |
| | चालु वर्षको जम्मा | | | ११६९०१६५ |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७८।७९ | ३० | गा.पा.अध्यक्ष वेद बहादुर रोकालाई दोहोरो यातायात सुविधा उपलब्ध गराएको रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | ९९००० |
| २ | | ३९ | पारिश्रमिक आयकर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश मे.अ.डा. चन्द्र कुमार राई | १०२७३५ |
| ३ | | ४७ | श्री शिवालय मा.वि. खिजीदेम्वा ९ र कुण्डली मा.वि. खिजीदेम्वा ४ लाई IT Lab स्थापना,Digital Library व्यवस्थापन अनुदान दिएको रकमको खर्च पुष्टि गर्ने प्रमाण पेश | १३००००० |
| ४ | | ६३ | गणेशजंग रायमाझीले राजस्व दाखिला गरेको प्रमाण पेश | १७१३८ |
| | २०७८।७९ को जम्मा | | | १५१८८७३ |
| | २०७७।७८ | - | - | - |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | | | १५१८८७३ |
| | कुल जम्मा | | | १३२०९०३८ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) खिजीदेम्वा गाउँपालिकाको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। यो गाउँपालिका कुल १७९.४४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा विभाजन गरिएको छ। बि.सं. २०७८ सालको प्रारम्भिक जनगणना अनुसार गाउँपालिकाको कुल जनसंख्या १५ हजार ५ सय ५९ जना रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१२ देखि २०८०।५।१४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको अनुदान प्राप्तितर्फ रू.२९,२८,९७,२१७।-, राजश्वतर्फ बाँडफाँटतर्फ रू.६,९६,५७,९०१।-, आन्तरिक आम्दानीतर्फ रू.३४,४५,४८७।-, अन्य कारोबारतर्फ रू.७३,१७,०८१।- गरी कुल आय रू.३७,३३,१७,६८६।- व्ययतर्फ चालु खर्चतर्फ रू.२४,७६,५०,४९८।, पुँजीगत खर्चतर्फ रू. १०,९५,३५,०६९।- र अन्य खर्चतर्फ रू.३२,४३,८१९।- गरी कुल खर्चतर्फ रू.३६,०४,२९,३८६।- गरी यस वर्ष पालिकाको जम्मा रू.७३,३७,४७,०७२।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.६,६०२।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | भ्रमण भत्तामा | ३७५० |
| २ | स्थानीय भत्ता | २८५२ |
| | जम्मा | ६६०२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छः

| विवरण | यस वर्ष रू. | | | गतवर्ष रू. | |
|---|---|---|---|---|---|
| | बजेट | प्राप्ति/भुक्तानी | जम्मा | प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | ३९९४५२६३२ | ३७३३१७६८७ | ३७३३१७६८७ | ३८४६०५१९० | ३८४६०५१९० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ३९५३३७५२८ | ३६६०००६०६ | ३६६०००६०६ | ३७७७२४४९८ | ३७७७२४४९८ |
| ११००० कर | ८६९८९००० | ७२५२८९०२ | ७२५२८९०२ | ६१४४०५२५ | ६१४४०५२५ |
| १३००० अनुदान | ३०४१९८५२८ | २९२८९७२१७ | २९२८९७२१७ | ३१५७१९००० | ३१५७१९००० |
| संघीय सरकार | २८५११७५२८ | २७५१५८३५३ | २७५१५८३५३ | २९८९९९००० | २९८९९९००० |
| प्रदेश सरकार | १९०८१००० | १७७३८८६४ | १७७३८८६४ | १६७२०००० | १६७२०००० |
| १४००० अन्य राजस्व | १६००००० | ५७४४८७ | ५७४४८७ | ५६४९७२ | ५६४९७२ |
| ३२००० वित्तीय सम्पत्ति | २५५०००० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | ४११५१०४ | ७३१७०८२ | ७३१७०८२ | ६८८०६९२ | ६८८०६९२ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | ४११५१०४ | ४९१६९६१ | ४९१६९६१ | ५३००००० | ५३००००० |
| धरौटी | ० | २४००१२१ | २४००१२१ | १५८०६९२ | १५८०६९२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ३९९४५२६३२ | ३६०४२९३८७ | ३६०४२९३८७ | ३७२६७०५३८ | ३७२६७०५३८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ३९५३३७५२८ | ३५७१८५५६८ | ३५७१८५५६८ | ३६७३७१८६५ | ३६७३७१८६५ |
| २१००० पारिश्रमिक/सुविधा | १४६९४३९१५ | १४२३७११२३ | १४२३७११२३ | १२८३६४२३१ | १२८३६४२३१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०२३७४२१८ | ८३९०२२३६ | ८३९०२२३६ | ७७८१२४०१ | ७७८१२४०१ |
| २५००० सहायता (Subsidy) | ४०००० | ४०००० | ४०००० | ६९२००० | ६९२००० |
| २७००० सामाजिक सुरक्षा | ४४३४००० | ४०४६१५५ | ४०४६१५५ | ६७३१८८२ | ६७३१८८२ |
| २८००० अन्य खर्च | १७३३५४८५ | १७२९०९८५ | १७२९०९८५ | २६४००२६२ | २६४००२६२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुंजीगत खर्च | १२४२०९९१० | १०९५३५०६९ | १०९५३५०६९ | १२७३७१०८९ | १२७३७१०८९ |
| घ. अन्य भूक्तानी | ४११५१०४ | ३२४३८१९ | ३२४३८१९ | ३७२६७०५३८ | ३७२६७०५३८ |
| कोषहरु | ४११५१०४ | ३०५८८१९ | ३०५८८१९ | ४८०४६७३ | ४८०४६७३ |
| धरौटी | ० | १८५००० | १८५००० | ४९४००० | ४९४००० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | १२८८८३०० | १२८८८३०० | ११९३४६५२ | ११९३४६५२ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १८७९२८९ | १८७९२८९ | १०९२४६८ | १०९२४६८ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | | १४७६७५८९ | १४७६७५८९ | १३०२७११९ | १३०२७११९ |
| **बैंक तथा नगद बाँकी** | | **१४६०३७७८** | **१४६०३७७८** | **३३७६९६८७४** | **३३७६९६८७४** |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फा. नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ७,४१,९२,३१२।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.१,१९,७४,९९५।- समेत गरी रू.८,६१,६७,३०७।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण

नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ अनुसूची ३ मा वित्तीय विवरणमा प्राप्ति भुक्तानी हिसाव र सम्बन्धित लेखा नीति तथा लेखा टिप्पणी संलग्न छ भने पनि सो राखेको पाईएन ।

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.-२३,७४,६१५।- मौज्दात रहेकोमा यो वर्ष रू.१८,७९,२८९।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.४,९५,३२७।- घटी जिम्मेवारी सारेको देखिन्छ । फरक रकम देखिएको सम्बन्धमा विविध कोषको रू.४,९५,३२७।- गतको जिम्मेवारी सारी आम्दानी बाँधेको छ तर सिष्टमको समस्याको कारण प्राप्ति भुक्तानीको गतको जिम्मेवारी अल्यामा नदेखिएकाले फरक परेको भन्ने कार्यालयको भनाई रहेकोछ ।

सैद्धान्तिक बेरुजु

२.५ अनुसुची ९ वित्तीय विवरणको स्वीकृति अनुसुची १४ अनुसारको राजश्व बाँडफाँटको विवरण तथा अनुसुची २० अनुसारको भुक्तानी दिन बाँकीको विवरण अनुसुची २९ फिर्ता गर्न बाँकि अनुदान विवरणमा कुनै पनि विवरण संलग्न गरी उल्लेख गरेको पाईएन ।

सैद्धान्तिक बेरुजु

२.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार बैङ्क मौज्दात रू.१,४७,६७,५८९।- हुनुपर्नेमा बैंक मौज्जात रू.१,४६,०३,७७८।- मात्र देखाएकोले रू.१,६३,८११।- बैंक घटी देखाएको छ । फरक पर्नुमा एम्बुलेन्स आय सुत्रमा दोहरो पोषटिङ्ग भई रू.१,६३,८११।- बैक जम्मा भन्दा श्रेस्तामा बढी देखिएको भन्ने कार्यालयको भनाई छ। बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.७ अनुसूची १५ धरौटी तथा कोषहरु अन्तर्गतको विविध खर्च खाता कोषको शुरु मौज्दात रू.४,९५,३२७।- मा यस वर्षको थप रू.४६,६६,९६०।८४ गरी जम्मा रू.४५,०३,१४९।८४ मात्र उल्लेख गरेको छ। जोड जम्मा सिष्टममा नै फरक देखाएकोले सञ्चित कोषले सहि चित्रण गरेको अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

२.८ सूचना प्रविधि करार कर्मचारी तलब वापतको रकम रू.३,८०,९४२।५० अन्य कर राजश्वमा जम्मा गरेको नियमसम्मत भएन ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरेको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेटतोक्नु पर्नेमा सो नगरेको देखियो,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो गरेको देखिएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन,
- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेर नराखेको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा प्रगति विवरण तयार गरी केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो बमोजिमको विवरण तयार गरेको देखिएन,
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,
- बेरुजु लगत म. ले. प. फाराम ८०१- राखेको देखिएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **नीति तथा कार्यक्रम र बजेट बिच तालमेल -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा बजेट तर्जुमा सम्बन्धी व्यवस्था छ । नीति तथा कार्यक्रममा गाउँपालिका अस्पतालमा मेडिकल डाक्टरको दरबन्दी व्यवस्था गरी सेवा सुचारु गरिने, बहुभाषिक शिक्षा नीतिलाई लागु गर्ने, खेती योग्य जग्गाहरुमा सिंचाईको व्यवस्था गरिने, कृषि उत्पादन संकलन केन्द्र तथा एक वडा एक सहकारी संस्था स्थापना गर्ने, वन पैदावरको संरक्षण सम्बर्द्धन र पुनःउत्पादनमा विशेष योजना बनाई लागु गरिने, वन तथा सरकारी जग्गामा समुदायबाट आय आर्जनमा सहयोग पुग्ने खाले कार्यक्रम सञ्चालन गर्न उपयोग गर्ने, स्वास्थ्य विमा जेष्ठ नागरिक उपचार कोषको व्यवस्था गरिने, माध्यमिक तह सञ्चालित विद्यालयहरुमा १ जना स्टाफ नर्सको व्यवस्थापनलाई अनिवार्य गरिने उल्लेख छ तर यि विषयहरुलाई बजेटले समेटेको देखिएन । नीति तथा कार्यक्रम अनुसार बजेट निर्माण भई सो अनुसारको कार्यान्वयन गरी “आर्थिक विकास सुशासन र सदाचारः खुशी नागरिक, समृद्धी खिजीदेम्वा हाम्रो आधार” भन्ने पालिकाको नारालाई सार्थक बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।८ मा रू. ३८ करोड ६७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ राजश्व शीर्षक ११००० देखि १४००० सम्मका मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.५२,५०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.२८,७१,०००।- अर्थात अनुमान भन्दा ४५.३२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

९ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१०,९५,३५,०६९/- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम / योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% सम्म प्रगति | २५-५०% सम्म प्रगति | ५०-७५% सम्म प्रगति | ७५-१००% सम्म प्रगति | कुल खर्च |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२५२२ | १०१ | १६ | १ | ४ | ३ | ७७ | ३९१९०२८८ |
| ३११०० | २१९ | ४९ | १ | ५ | २ | १६२ | १०९५३५०६९ |
| **जम्मा** | **३२०** | **६५** | **२** | **९** | **५** | **२३९** | **१४८७२५३५७** |

- ३२० कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ६५ वटा लगायत ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २३९ वटा रहेकोछ ।
- शुन्य प्रगती हासिल हुनको कारण बजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण ६५ वटा शुन्य प्रगति भएको देखिन्छ ।
- ३२० आयोजना मध्ये खर्च नै नभएको ६५ योजना तथा कार्यक्रम बाहेक २५५ योजना तथा कार्यक्रममा रू.१४८७२५३५७।- खर्च गरेको छ ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न प्राथमिकता प्राप्त योजना मागमा आधरित रहेर छनौट गरी कार्यान्वयनमा ल्याई सत प्रतिशत लक्ष्य प्राप्ति तर्फ ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

११ **योजना तर्जुमा तथा कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । १ लाख भन्दा कमका ३० योजना कार्यान्वयन गरेर रू.२०,७०,९०४।- र रू.१ लाख भन्दा बढी रू.५ लाख भन्दा कमका १०० आयोजना कार्यान्वयन गरी रू.२,३६,९१,१३५।- खर्च गरेकोछ भने जसमध्ये ५ लाख भन्दा कम रकमका संघीय सरकार ससर्त पुँजीगत तर्फ ७ योजनामा रू.१४,४६,१७६।- र प्रदेश सरका पुँजीगत ससर्त अनुदानबाट १ योजनाको लागि रू.३,७४,६५४।- खर्च गरेकोछ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष निर्माण कार्यका योजनाहरु देहायअनुसार छन्ः

| विवरण | योजना संख्या | रकम रू. |
|---|---|---|
| ० | ४९ | ० |
| १ लाख सम्म | ३० | २०७०९०४ |
| १ देखि ५ लाख सम्म | १०० | २३६९११३५ |
| ५ देखि १० लाख सम्म | १८ | १३४७२९५६ |
| १० देखि २० लाख सम्म | १२ | १६६६८३८० |
| २० देखि ५० लाख सम्म | ६ | २१३८९१४१ |

| | | |
|---|---|---|
| ५० लाख देखि माथी | ४ | ३२२४२५५३ |
| **जम्मा** | **२१९** | **१०९५३५०६९** |

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रकम रू. | खर्च रकम रू. | खर्च (%) |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | २,३८,५४,६८५.०० | १,९३,२४,४९५.०० | ८१.०१ |
| २. | सामाजिक विकास | १८,७६,४१,१७०.०० | १७,१२,४१,६९६.०० | ९१.२६ |
| ३. | पूर्वाधार विकास | १०,३६,४५,८७५.०० | ९,३२,०६,१९०.०० | ८९.९३ |
| ४. | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | १,१८,९४,४५०.०० | १,०५,७१,४५३.०० | ८८.८८ |
| ५. | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६,८३,०१,३४८.०० | ६,२८,४१,७३४.०० | ९२.०१ |
| | | ३९,५३,३७,५२८.०० | ३५,७१,८५,५६८.०० | ९०.३४ |

कार्यालयका लागि कुल बजेट रू.३९,५३,३७,५२८।- विनियोजन गरेकोमा आर्थिक विकासमा शीर्षकमा सबैभन्दा घटी ८१.०१ प्रतिशत मात्र खर्च भएको देखिन्छ। सबैभन्दा बढी कार्यालय सञ्चालन तथा प्रशासनिक शीर्षकमा ९२.०१ प्रतिशत खर्च गरेको देखिन्छ। समग्रमा पालिकाले विनियोजनको ९०.३४ प्रतिशत खर्च गरेको छ। क्षेत्रगत विकास प्रगति हासिल गर्न सत प्रतिशत खर्च गर्ने तर्फ पहल कदमि लिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.३४,४५,४८७।४९ राजस्व बाँडफाँटबाट रू.६,९६,५७,९०१।१३, अनुदानबाट रू.२९,२८,९७,२१७।- तथा अन्य प्राप्ति रू.७३,१७,०८१।- लगायत रू.३७,३३,१७,६८७.४६ प्राप्ति भएकोम चालुतर्फ रू.२४,७६,५०,४९८।- तथा अन्यकोष तर्फको भुक्तानी समेत रू.३२,४३,८१९।- र पुँजीगततर्फ रू.१०,९५,३५,०६९।- समेत रू.३६,०४,२९,३८७।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.७१,३१,०००।- खर्च भएको छ जुन आन्तरिक आयको २०६.९७ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँटको रकमबाट ६८.७१ प्रतिशत चालु र ३०.३९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **त्रैमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले त्रैमासिक प्रगति विवरण वनाएको छैन । सुत्रमा पनि अद्यावधिक गरी चौमासिक प्रतिवेदनलाई त्रैमासिक रुपमा प्रतिवेदन हुने व्यवस्थामा सुधार गरेको छैन ।पालिकाले उपलव्ध गराएको खर्चको फाँटवारीलाई आधारमा त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च रु | त्रैमासिक खर्च रु | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०९५३५०६९ | ८४१७८२१ | ११०७७७०५ | ३९०१९७२४ | ५१०१९८१९ | २५८०९०२० |
| प्रतिशत | १०० | ७.७७ | १०.११ | ३५.६२ | ४६.५८ | २३.५६ |

खर्चको फाँटवारी विवरणअनुसार वार्षिक रू.१०,९५,३५,०६९।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रू.८४,१७,८२१।- (७.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.१,१०,७७,७०५।- (१०.११ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.३,९०,१९,७२४।- (३५.६२ प्रतिशत) र चौथो त्रैमासिक रू.५,१०,१९,८१९।- (४४६.५८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.२,५८,०९,०२०।- (२३.५६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले रू.३४,४५,४८७।४९ राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने अभिलेख तथा मलेप फरमहरु नराखेको र प्राप्त भएको आम्दानी तथा प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा कार्यालयले परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण व्यवस्था नमिलाएकाले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकेन। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

१८ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कका लागी रू.१०,००,०००।- अनुमान गरेकोमा रू.४९,५६३।- मात्र संकलन गरेको छ अर्थात अनुमानको ४.९६ प्रतिशत मात्र व्यवसाय कर उठाएको छ। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **ढिलो दाखिला -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ (१) मा राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए भोलीपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्व लेखा राखि बैक दाखिला गर्नुपर्दछ । सो ऐनको दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ । मालपोत, घरवहाल, घटना दर्ता, सिफारिस, व्यवसायकर वापत असुल गरेको समय मै बैंक दाखिला गरेको देखिंदैन । कानुनको पालना गरी राजश्व असुली गर्नुपर्दछ ।

| वडा नं. | देखि | सम्म | बैक जम्मा | रकम |
|---|---|---|---|---|
| १ | २०७९।७।१८ | २०८०।१।२२ | २०८०।३।२२ | ५७३८२ |
| २ | २०८० जेष्ठ | २०८० आषाढ | २०८०।३।१९ | ३६३२९ |
| ३ | २०८०।२।११ | २०८०।३।२१ | २०८०।३।२२ | ६३३८५ |
| ४ | २०७९ चैत्र | २०८० आषाढ १९ सम्म | २०८०।३।२० | १६३७ |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७९।९।१ | २०८०।३।२१ | २०८०।३।२२ | ११८८४० |
| ६ | | आषाढ सम्म | २०८०।३।२२ | १००००० |
| ७ | २०८०जेष्ठ | २०८० आषाढ १९ गते सम्म | २०८०।३।२० | ५०२०७ |
| ८ | २०८० जेष्ठ | २०८० आषाढ १९ गते सम्म | २०८०।३।२० | ४८२६१ |
| ९ | | २०८०।३।२१ | २०८०।३।२२ | २००३० |

सैद्धान्तिक बेरुजु

२० **लेखापरीक्षण**

**आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्यताको आधारमा प्रत्यक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तारिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। तर गाउँपालिकाले यस वर्ष आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रणलाई प्रभावकारी र सुदृढ गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **नगदी रसिद दाखिला -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५**, **५७**, **५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए भोलीपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्व लेखा राखि बैंक दाखिला गर्नुपर्दछ । सो ऐनको दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ । आम्दानी छपाई रसिद अभिलेख नगरेको नगदी रसिद खर्च तथा फिर्ताको विवरण नभएको तथा ढिलो दाखिला गरेको देखिन्छ । निम्न नगदी रसिद पेश नभएकोले यसबाट राजश्व असुली एकिन गरी सञ्चित कोषमा जम्मा गर्नुपर्दछ ।

| नगदी रसिद | कैफियत |
|---|---|
| १५१-२०० | रसिद बुझेको भर्पाई नभएको राजश्व असुली एकिन नभएको |
| १६५१-१७०० | |
| ११०१-१२०० | |
| ६०१-७०० | |
| २६०१-२७०० | |

| | |
|---|---|
| २४०१-२५०० | |
| २५०१-२५५० | |

सैद्धान्तिक बेरुजु

२२ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६६०६७८७ | ३४,४५,४८७.४९ | ४.५० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| भुमिकर/ मालपोत कर | २५००००० | १०६७५४६ | ४२.७० |
| घरजग्गा वहाल कर | २५०००० | २७१३६४ | १०८.५५ |
| व्यवसाय कर | १०००००० | ४९५६३ | ४.९६ |
| वहाल विटौरी शुल्क | ० | ० | ० |
| **जम्मा** | **३७५००००** | **१३८८४७३** | **३७.०३** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फस्यौंट वा

कारबाही किनारा गरी टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको फस्र्यौट हुन बाँकी नरहेको देखिन्छ भने यो वर्ष १२ बटा उजुरी तथा विवाद दर्ता भएको पाईयो। आर्थिक वर्ष २०७९।८० मा जम्मा १२ उजुरी तथा विवाद दर्ता रहेकोमा ५ वटा मात्र फस्र्यौट भई ७ वटा विवाद फस्र्यौट गर्न बाँकी रहेको पाईयो। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **अभिलेख खाता -** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ। तर पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन।

सैद्धान्तिक बेरुजु

२६ **सार्वजनिक सुनुवाई -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापूर्वक सन्चालन गर्न अनुगमन एबं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सन्चालन गर्नुपर्ने उल्लेख छ । साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ यस कार्यालयवाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट वित्तीय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्वजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन ।

सैद्धान्तिक बेरुजु

२७ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५१ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत सहित ३५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **तलबी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलबी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ।

पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलबमा खर्च गरेको छ। पालिकाले कानुनअनुसार तलबी प्रतिवेदन पारित नगराई रू.१३,०६,४३,६५८।- तलब खर्च लेख्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **अवकाश कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।तर सो बमोजिम अवकास कोष स्थापना गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

३० **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ८४ कर्मचारीहरु करारमा राखी रू.१,३८,१८,४४०।- खर्च लेखेको छ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा राख्ने परिपाटीमा सुधार हुनु पर्दछ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित वाहेकको असिस्टेण्ड सव इन्जिनियर पदमा २ जना, हेल्थ असिसटेन्ट पदमा ५ जना, अनमी पदमा १६ जना, अहेब पदमा ५ जना, रेडियोग्राफर १ जना र आखा स्वास्थ्य कार्यकर्ता १ जना गरी ३० जना करार नियुक्ति गरी बर्षभरीमा रू.१,०४,७७,२९२।- भुक्तानी दिएको पाईयो। ऐनको व्यवस्था अनुसार मात्र कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई भएको राजश्व बाँडफाँटको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन।यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रू.६,००,०००।- सहायता वितरण गरेको पाइयो । कार्यविधि र मापदण्ड समेत तयार नगरी सहायता वितरण गर्नु उचित होईन। यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **खाना तथा विविध खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। कार्यालयले यो वर्ष विविध खर्चतर्फ रू.१९,७७,६३९।- खर्च मध्ये

गत आर्थिक वर्षको भुक्तानी रू.१४,५७,४४१।- गरेको छ । बाँकी रू.५,२०,१९८।- मध्ये रू.१,४५,३२०।- खाजा खाना खर्च गरेको देखिन्छ । यस्तो खर्चको उद्देश्य र यथार्थता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **घरभाडा खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष घरभाडातर्फ रू.१५,७५,३००।- खर्च गरेको छ। यस पालिकाले आफ्नो कार्यालयको भवन निर्माणलाई प्राथमिकता नदिई निरन्तर विभिन्न घर भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **पुल हेरालु खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष पुल हेरालुतर्फ रू.४,२१,५००।- खर्च गरेको छ। पुलहरुको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्नेमा नगरी खर्च लेखेको देखिन्छ। यस्तो खर्चको आधार, कारण र औचित्य प्रमाणित नभई भुक्तानी दिने प्रवृतिलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **सवारी साधन भाडा खर्च -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले यो वर्ष सवारी साधन भाडातर्फ रू.६,८१,५००।- खर्च गरेको छ। कार्यालयको सवारी साधान हुँदाहुँदै सवारी साधन भाडा लिई खर्च गरेको औचित्यपूर्ण देखिएन। यस्तो खर्चको आधार, कारण र औचित्य प्रमाणित नभई भुक्तानी दिने प्रवृतिलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **ईन्धन -** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.३२,३५,४७५।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख समेत राखेको पाइएन।

प्रत्येक सवारी साधनको प्रयोगको अध्यावधिक लगबुक राखी सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **सवारी साधन मर्मत खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू.५१,१५,४८३।- खर्च गरेकोमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा मर्मत कार्य खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३८ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.१५,६८,५८०।- र भ्रमण खर्च रू.१,२०,०००।- गरी जम्मा रू.१६,८८,५८०।- खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस।माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को को परिच्छेद ३ दफा ११ (२) मा गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यस वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, विवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| क्र.सं. | विवरण | निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १. | नागरिकता सिफारिस | ७७९ | ५९० |

| | | | |
|---|---|---|---|
| २. | घरबाटो सिफारिस | १७३ | १८५ |
| ३. | नाता प्रमाणित | ४२१ | २७० |
| ४. | जन्म तथा मृत्यु दर्ता | ७५३ | ९३० |
| ५. | बसाईसराई | ५२ | ४५ |
| ६. | सम्बन्ध बिच्छेद | ६ | ५ |
| ७. | विवाह दर्ता | २३२ | २५५ |
| ८. | अन्य | ३३६७ | ७७३ |
| | जम्मा | ५७८३ | ३०५३ |

पालिकाबाट यस वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनुपर्दछ। पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्बजनिक सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ। साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

४१ **सार्वजनिक सम्पत्तिको अतिक्रमण -** पालिकाले पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक

पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो बमोजिम अनुगमन गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

४२ **सूचना प्रविधीको प्रयोग -** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। यसमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४३ **दैनिक भ्रमण भत्ता**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ मा रू.२,६४०।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

४४ **पदाधिकारी सुविधा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.७१,३१,०००।- खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.३०,६४,५४४।९९ रहेको छ। आन्तरिक आयको तुलनामा करिब दोब्बर गुणा बढीले खर्च भएको देखिएको छ । पालिकाले आन्तरिक आयको परिधि भित्र रही खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **पदाधिकारी यातायात सुविधा -** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची- १(क) को क्र.स. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई क्रमशः मासिक रू.१०,०००।-, ४,०००।-, २,५००।- र २,०००।- यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ। पदाधिकारीहरुले कार्यालयबाट गाडी र मोटरसाइकल लगायतका सवारी साधन सुविधा लिएको र मासिक रुपमा यातायात खर्च समेत भुक्तानी भएको जम्मा रू.६,६५,२८०।- देखिएकोले दोहोरो सुविधा उपलव्ध भएको देखिन्छ । अध्यक्ष उपाध्यक्षको गाडी कार्यालय प्रयोजनमा समेत प्रयोग हुने भएको र वडाध्यक्षले मोटरसाईकल नबुझी वडा सचिवले बुझेको र सो वाईक वडा प्रयोजनको लागि प्रयोग भएको भन्ने कार्यालयको भनाई रहेको छ । आन्तरिक आयलाई ध्यान दिई मितव्ययी तरिकाले यस्तो खर्च गर्नुपर्दछ।

| क्र.सं. | पदाधिकारीको पद | पदाधिकारीको नाम | मासिक भुक्तानी | वार्षिक भुक्तानी कर बाहेक |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री गम्बु शेर्पा | १०००० | ११८८०० |
| २ | उपाध्यक्ष | श्री शुसिला तामाङ्ग | १०००० | ११८८०० |
| ३ | वडाध्यक्ष | श्री कुमार सुनुवार | ४००० | ४७५२० |
| ४ | वडाध्यक्ष | श्री सुरेन्द्र शंकर घिमिरे | ४००० | ४७५२० |

| | | | | |
|---|---|---|---|---|
| ५ | वडाध्यक्ष | श्री टंकराज सुनुवार | ४००० | ४७५२० |
| ६ | वडाध्यक्ष | श्री होम बहादुर सुनुवार | ४००० | ४७५२० |
| ७ | वडाध्यक्ष | श्री राम कुमार सुनुवार | ४००० | ४७५२० |
| ८ | वडाध्यक्ष | श्री पासाङ्ग निमा शेर्पा | ४००० | ४७५२० |
| ९ | वडाध्यक्ष | श्री डिल्लीराम खडका | ४००० | ४७५२० |
| १० | वडाध्यक्ष | श्री नगेन्द्र बहादुर बस्नेत | ४००० | ४७५२० |
| ११ | वडाध्यक्ष | श्रीङवाङ फुरी शेर्पा | ४००० | ४७५२० |
| **जम्मा रकम** | | | | **६६५२८०** |

सैद्धान्तिक बेरुजु

४६ **अनुगमन प्रतिवेदन -** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रू.१०,०००।-, उपाध्यक्षले रू.१०,०००।-, वडाध्यक्षले रू.४,०००।- र कार्यपालिका सदस्यले रू.२,०००।- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता वितरणको परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश गरेर मात्र भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.सं. | पद तथा नाम | | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता रु |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री गम्बु शेर्पा | १०००० | ११८८०० |
| २. | उपाध्यक्ष | श्री शुसिला तामाङ्ग | १०००० | ११८८०० |
| ३. | वडाध्यक्ष | श्री कुमार सुनुवार | ४००० | ४७५२० |
| ४. | वडाध्यक्ष | श्री सुरेन्द्र शंकर घिमिरे | ४००० | ४७५२० |
| ५. | वडाध्यक्ष | श्री टंकराज सुनुवार | ४००० | ४७५२० |
| ६. | वडाध्यक्ष | श्री होम बहादुर सुनुवार | ४००० | ४७५२० |
| ७. | वडाध्यक्ष | श्री राम कुमार सुनुवार | ४००० | ४७५२० |
| ८. | वडाध्यक्ष | श्री पासाङ्ग निमा शेर्पा | ४००० | ४७५२० |
| ९. | वडाध्यक्ष | श्री डिल्लीराम खडका | ४००० | ४७५२० |

| | | | | |
|---|---|---|---|---|
| १०. | वडाध्यक्ष | श्री नगेन्द्र बहादुर बस्नेत | ४००० | ४७५२० |
| ११. | वडाध्यक्ष | श्री ङवाङ फुरी शेर्पा | ४००० | ४७५२० |
| १२. | का.पा.स | श्री दोर्ची शेर्पा | २००० | २३७६० |
| १३. | का.पा.स | श्री कबिता सुनुवार | २००० | २३७६० |
| १४. | का.पा.स | श्री दुर्गादिबी सुनुवार | २००० | २३७६० |
| १५. | का.पा.स | श्री रामकुमारी बस्नेत | २००० | २३७६० |
| १६. | का.पा.स | श्री आङ्गल्वामु शेर्पा | २००० | २३७६० |
| १७. | का.पा.स | श्री पसी शेर्पा | २००० | २३७६० |
| | | | **जम्मा** | **८,०७,८४०.००** |

सैद्धान्तिक बेरुजु

४७ **टुक्रा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नुहुदैन भनी उल्लेख छ । त्यस्तै सोही नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले रू.बिस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्रमार्फत कार्य गराउनु पर्नेमा असार महिनाको श्रेस्ता परीक्षण गर्दा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी रू.१,०३७,३५५।- सोझै खरिद गरेको देखिन्छ। आवश्यकता अनुसार सामन पहिले नै प्राप्त भई उपयोग भएको तर भुक्तानी मात्र आषाढ महिनामा गरेकोले आषाढमा टुक्रा पारी खरिद देखिएको कार्यालयको भनाई रहेतापनि एकै प्रकृतिको सामग्री खरिद गर्दा टुक्रा परी सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रू.

| सि.नं. | मिति | गो.भौ. | आपूर्तिकर्ता फर्मको नाम | मू.अ.कर सहित भुक्तानी रू. |
|---|---|---|---|---|
| १. | ०३/१२/२०८० | ४०२ | श्रेष्ठ स्टेशनरी एण्ड प्रिन्टिङ्ग कर्नर | २९,६१० |
| २. | ०३/१८/२०८० | ४४० | प्रिज्मा सप्लायर्स | १९१८५८ |
| ३. | ०३/२०/२०८० | ४५२ | प्रिज्मा सप्लायर्स | ९८,९५४ |
| ४. | ०३/२१/२०८० | ४६१ | राम प्रसाद इलेक्ट्रोनिक्स - | ३४,८५० |
| ५. | ०३/२२/२०८० | ४७४ | पुजन प्रिन्टर्स एण्ड स्टेसनरी सप्लायर्स | २८,००० |
| ६. | ०३/२३/२०८० | ४९१ | एस एस बि इन्टरप्राईजेज प्रा लि | ५४५०८३ |

| | | | | |
|---|---|---|---|---|
| ७. | ०३/२३/२०८० | ४९२ | एस एस बि इन्टरप्राईजेज प्रा लि | १०९००० |
| | | | **जम्मा** | **१,०३७,३५५** |

| | |
|---|---|
| अनियमित भएको | १०,३७,३५५ |

४८ **बढी ग्रेड**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ मा रू.८,७३६।- सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको ।)***

४९ **प्रोत्साहन भत्ता -** नेपाल सरकारले २०७६।४।१ गते देखी लागु हुने गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलब भत्ता सम्बन्धी व्यवस्था गरेको छ।खिजीदेम्वा गाउपालिकामा कार्यरत कर्मचारीलाई प्रोत्सहान भत्ता सम्बन्धी कार्यविधि २०७९ को दफा ३(१) मा शुरु तलब स्केलको १५ प्रतिशत थप सुविधा प्रदान गरिने उल्लेख छ । पालिकामा प्राविधिक शाखा अन्तर्गत कार्यरत निम्नानुसार कर्मचारीलाई मासिक तलबको १५ प्रतिशतका दरले प्रोत्साहन भत्ता उल्लेख गरी वार्षिक रू.४,३२,८७१।५६ भुक्तानी गरेको छ। संघीय सरकारको निर्णय विपरित कार्यविधि वनाई स्थानीय तहमा कार्यरत भई स्थानीय भत्ता पाईरहेका कर्मचारीलाई आन्तरिक आय न्युन भएको अवस्थामा समेत थप प्रोत्साहन भत्ता भुक्तानी गरेको अनियमित देखिएको रू.

| क्र.सं. | कर्मचारीको पद | कर्मचारीको नाम थर | मासिक रकम | वार्षिक रकम करबाहेक |
|---|---|---|---|---|
| १ | इन्जिनियर | निरन्जन कार्की | ६५५३ | ७७८४९.६४ |
| २ | अ.सब.इ. | लोक बहादुर तामाङ | ४९३५ | ५८६२७.८० |
| ३ | अ.सब.इ. | लोक बहादुर सुनुवार | ४९३५ | ५८६२७.८० |
| ४ | अ.सब.इ. | मिलन सुनुवार | ४९३५ | ५८६२७.८० |
| ५ | अ.सब.इ. | प्रेम बहादुर तामाङ | ४९३५ | ५८६२७.८० |
| ६ | खा.पा.स.टे. | डेटराज पहाडी | ४९३५ | ५८६२७.८० |
| ७ | प्रा.स. | होम नारायण श्रेष्ठ | ५२०९ | ६१८८२.९२ |
| | | **जम्मा** | | **४३२८७१.५६** |

| | |
|---|---|
| अनियमित भएको | ४,३२,८७१ |

५० **करार कर्मचारीको महँगी भत्ता -** नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७४।१।२५ को पत्रमा संघ, प्रदेश र स्थानीय तहका करारको कर्मचारीहरुलाई महँगी भत्ता दिने व्यवस्था नरहेको साथै अर्थ मन्त्रालयको २०७९।१।२१ को पत्रमा समेत करारका कर्मचारीलाई महँगी भत्ता उपलब्ध गराउन नसकिने उल्लेख छ। यस पालिकामा कार्यरत निम्नानुसार कर्मचारीलाई मासिक रू.२,०००।- दरले

रू.२३,७६०।- महँगी भत्ता प्रदान गरेको छ। करारमा कार्यरत कर्मचारीलाई महँगी भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने कानुनी आधार पेश गर्ने अन्यथा महँगी भत्ता भुक्तानी गरेको असुल हुनपर्ने रू.

| क्र.सं. | कर्मचारीको पद | कर्मचारीको नाम थर | मासिक रकम | वार्षिक रकम करबाहेक |
|---|---|---|---|---|
| १ | रेडियोग्राफर | मनोज दाहाल | २००० | ११८८०.०० |
| | | **जम्मा** | | **११८८०.००** |

*...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ मा रू.११,८८०।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८८० |

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जिवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको नौ वटै वडाहरुमा सडक मर्मत तथा सोलिङ, कुलो कटानको कार्य गर्न १८ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट ६ देखि ४३ कार्य गरेवापत ४४१ जनालाई रू.५३,७२,१५१।- पारिश्रमिक भुक्तानी दिएको देखियो। पालिकाले कामको सुपरीवेषण, अनुगमन गर्ने तथा सोको प्रतिवेदन पेश गर्ने गरेको छैन। संचालित कामको प्रमाणित फोटो समेत सामेल गरेको पाईएन। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन। कामको दिगोपना र दीर्घकालीन रोजगारी सृजना हुने आयोजना संचालन गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ । साथै कार्यविधिको व्यवस्था कार्यान्वयन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **रकम फिर्ता गर्नुपर्ने**

*...........(प्रारम्भिक प्रतिवेदन उपर संघीय ससर्त शीर्षकबाट आन्तरिक खर्चको लागि सापटी लेखेको रकम संघीय सञ्चित कोष फिर्ता गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।४ मा रू.१,१२,९३,८०१।- सम्परीक्षण गरिएको ।)*

५३ **प्रविधि हस्तान्तरण** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। प्रविधि हस्तान्तरण अन्तर्गत २०८०।३।७ को कार्यपालिकाको निर्णय नं १ मा सत प्रतिशत अनुदान दिने निर्णय भएकोले सतप्रतिशत अनुदान दिएको भन्ने

कार्यालयको भनाई रहेता पनि संघीय ससर्त शीर्षकको बजेट खर्च गर्दा संघीय सर्त अनुसार हुने हुदा निर्देशिका अनुसार खरिद गरिएको वस्तु तथा मालसामनको नमुना छनौटको आधारमा परीक्षण गर्दा वोयर वोकातर्फ गाउँपालिकाले ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु रू.१,१४,४२६।- असुल गर्नु पर्ने रू.

| विवरण | नाम | लागत मुल्य | २० प्रतिशत |
|---|---|---|---|
| | **सिलाई मेसिन** | | |
| १ | राधिका दर्जी | १३७५० | २७५० |
| २ | मैया परियार | १३७५० | २७५० |
| ३ | सर्मिला परियार | १३७५० | २७५० |
| ४ | दुर्गा परियार | १३७५० | २७५० |
| ५ | अस्मीता वि.क | १३७५० | २७५० |
| ६ | रन्जिता परियार | १३७५० | २७५० |
| ७ | विन्दा परियार | १३७५० | २७५० |
| ८ | शोभा वि.क. | १३७५० | २७५० |
| ९ | मालति सुनुवार | १३७५० | २७५० |
| १० | मनिषा परियार | १३७५० | २७५० |
| ११ | सिता वि.क. | १३७५० | २७५० |
| १२ | फक्त कुमारी विक | १३७५० | २७५० |
| १३ | जमुना सुनुवार | १३७५० | २७५० |
| १४ | रोश्री नेपाली | १३७५० | २७५० |
| १५ | पवित्रा श्रेष्ठ | १३७५० | २७५० |
| १६ | रुद्रमाया श्रेष्ठ | १३७५० | २७५० |
| १७ | हसिना सुनुवार | १३७५० | २७५० |
| १८ | शोभा वि.क | १३७५० | २७५० |
| १९ | अमृता नेपाली | १३७५० | २७५० |
| २० | निरुता श्रेष्ठ | १३७५० | २७५० |
| २१ | पुष्पा श्रेष्ठ | १३७५० | २७५० |

| | | | |
|---|---|---|---|
| २२ | पदम कुमारी श्रेष्ठ | १३७५० | २७५० |
| २३ | लक्ष्मण वि.क | १३७५० | २७५० |
| २४ | उरिना श्रेष्ठ | १३७५० | २७५० |
| २५ | सञ्जली सुनुवार | १३७५० | २७५० |
| २६ | मनिषा खड्का | १३७५० | २७५० |
| २७ | सुजता तामाङ | १३७५० | २७५० |
| | **आरनभाटी** | | |
| २८ | गंगा लाल वि.क. | २९८४ | ५९७ |
| २९ | राजकुमार वि.क. | २९८४ | ५९७ |
| ३० | श्याम वि.क. | २९८४ | ५९७ |
| ३१ | सुरेश वि.क. | २९८४ | ५९७ |
| ३२ | राम वहादुर वि.क | २९८४ | ५९७ |
| ३३ | कृष्ण बहादुर वि.क | २९८४ | ५९७ |
| ३४ | मोहन वि.क | २९८४ | ५९७ |
| ३५ | महेश वि.क | २९८४ | ५९७ |
| | **बयर बोका** | | |
| ३६ | चण्डिथान व्यवसायिक बाखापालन लघुउद्यम समुह | ५९००० | ११८०० |
| ३७ | फूलवारी लघुउद्यम समुह | ५९००० | ११८०० |
| ३८ | तिनपुरी लघुउद्यम समुह | ५९००० | ११८०० |
| | **जम्मा** | **५७२१२२** | **११४४२६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१४,४२६ |

५४ **खरिद सामग्रीको प्रयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले निम्नानुसार सामग्री खरिद गरेकोमा उक्त सामग्री सम्पत्ती व्यवस्थापन प्रणालीमा दाखिला गरेको छैन । खरिद गरेको सामग्री जडान, प्रयोग वा हस्तान्तरण समेत गरेको पाईएन। सार्वजनिक बजेट खर्च गर्दा आवश्यकताको पहिचान गरेर मात्र सामग्रीको खरिद गर्ने र खरिद गरेको सामग्री उचित प्रयोग गर्नुपर्दछ। २-०७९।८।९ सुधारिएको चुल्हो २५ थान रू.९९,९७६।- मा खरिद

गरेको दाखिला हस्तान्तरण नभएकोले उक्त सामग्री PAMS मा दाखिला गरेर सम्बन्धित स्थानमा जडान तथा सम्बन्धित लाभग्राही पहिचान गरी हस्तान्तरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,९७६ |

## ५५ शिक्षा तर्फ

५५.१ **दिवा खाजा -** शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप २.७.११.१ मा स्थानीय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा गाउँपालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, सवै सार्वजनिक विद्यालयले शिक्षा तथा मानव श्रोत विकास केन्द्रले सार्वजनिक गरेको साप्ताहिक मेनु अनुसार दिवा खाजाको प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिका मातहतका ३७ विद्यालयका १९९८ विद्यार्थीलाई दिवा खाजा वापत रू.४१,२८,३३०।- निकासा दिएको छ। विद्यालय खुलेको अवधि, विद्यार्थीको संख्या, हाजिरी भएको दिन र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण पेश गरेको छैन । विद्यार्थीलाई रकम वुझाएको हस्ते भरपाईको आधारमा भुक्तानी दिएको देखियो। जसबाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| क.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री नमर्देश्वरी मा.वि. चप्लेटी रगनी | ३०४२६० |
| २ | श्री चुली आ.वि. गैरागाउँ रगनी | १५७२६० |
| ३ | श्री चण्डेश्वरी आ.वि. चोखाथान रगनी | ६५८३५ |
| ४ | श्री पन्चकन्या आ.वि. काभ्रे रगनी | ६२८०५ |
| ५ | श्री वुद्ध आ.वि.वौद लाम्जे रगनी | १०९०२० |
| ६ | श्री चण्डेश्वरी मा.वि. पोल्थली रगनि | २२७३४० |
| ७ | श्री सरस्वती आ.वि. नस्पु रगनी | ७०६३५ |
| ८ | श्री खाँडादेवी आ.वि. पोखरी रगनी | ५८५७५ |
| ९ | श्री मेशल्मी आ.वि. पोखरी खिजीचण्डेश्वरी | २६५६५ |

| | | |
|---|---|---|
| १० | श्री चण्डेश्वरी मा.वि.खिजीमाझगाऊ, खिजीचण्डेश्वरी | १४८५६० |
| ११ | श्री सन्सारी आ.वि. मुलगाउँ,खिजीचण्डेश्वरी | १०७१६० |
| १२ | श्री कुन्डली मा.वि. काती सङ्गोर | २५९३८० |
| १३ | श्री सरस्वती आ.वि. पिपलडाँडा | २५८०० |
| १४ | श्री महादेव आ.वि. चर्नालु | ९३५१० |
| १५ | श्री जनज्योति आ.वि. निभारे | २१२४६० |
| १६ | श्री फुलमति मा.वि. खिजीफलाटे | २७०७८० |
| १७ | श्री थामथोले आ.वि. चुप्लुभञ्झाङग् | ७६९६५ |
| १८ | श्री ग्याल्जेन लामा स्मृति मेहेले | १२०० |
| १९ | श्री चम्पादेवी आ.वि. बन्से | १५४०५० |
| २० | श्री ज्ञानप्रकाश आ.वि. लट्टे | ९५६४० |
| २१ | श्री आदर्श आ.वि. थारे | ३९६०० |
| २२ | श्री जनज्योति आ.वि. दुब्ले | २९३८५ |
| २३ | श्री दिम्वा आ.वि. भित्ते | १०८१५ |
| २४ | श्री चम्पादेवी आ.वि. महविर | १६२१९५ |
| २५ | श्री रन्जना आ वि रावादोलु | २११७१० |
| २६ | श्री हिमगंगा मा.वि. रावादोलु | १३६६९५ |
| २७ | श्री कुन्तादेवि आ.वि. रावादोलु | ७५३०० |
| २८ | श्री हिमालयन आ.वि. रावादोलु | २६४४५ |
| २९ | श्री बुद्ध आ.वि. भुसिंगा | ४५५२५ |
| ३० | श्री भुसिंगा आ.वि. पिके | १३५९७५ |
| ३१ | श्री दिम्बाहिल आ.वि. भुसिंगा | ४३४५५ |
| ३२ | श्री सरस्वती आ.वि. भुसिंगा | ६१८०० |
| ३३ | श्री सिदार्थ आ.वि. भुसिंगा | ९४९८० |
| ३४ | श्री शिवालय मा.वि. छेर्मादिंङग | २१२१३० |
| ३५ | श्री जनता आ.वि. दोराखर्क | १२२२३५ |
| ३६ | श्री महादेव आ.वि. ताउर | ४९२६० |

| | | |
|---|---|---|
| ३७ | श्री पिके आ.वि.फाप्रे | १४३०२५ |
| | **जम्मा** | **४१२८३३०** |

सैद्धान्तिक बेरुजु

५५.२ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रू.४००।- का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रू.१५०।-. का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रू.५००।- का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रू.२००।- का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रू.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेरमात्र वास्तविक संख्या एकिन गरी निकासा दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५५.३ **निशुल्क पाठ्यपुस्तक**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर निशुल्क पाठ्यपुस्तकको बढी भुक्तानी रकम असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयानुसार रू.१,२१,९११।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

५५.४ **गैर आवासिय छात्रवृत्ती -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।०८० को क्रियाकलाप नं ४.२ मा पालिकाले गैर आवासिय छात्रवृत्ती भुक्तानी दिदा ।EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई शिक्षा शाखा प्रमुखबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ।EMIS डाटासंग सत्यापन नगरी विद्यालयले माग गरेको मागको आधारमा रू.५,९५,४००।- भुक्तानी दिएको छ। कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई शिक्षा शाखा प्रमुखबाट प्रमाणित गरेरमात्र छात्रवृत्ती निकासा दिने र सम्बन्धित विद्यार्थीले रकम पाएको अनुगमन गरी सुनिश्चित गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५५.५ **स्यानिटरी प्याड -** पालिकाले मेडिसेल्स मेडिको फर्मबाट ५९६७ थान रू.८८।८७ का दरले रू.५,३०,१३६।- र आर्या जनरल सप्लायर्सबाट ४८५० थान रू.८४।१९ दरले रू.४,०८,२९७।- गरी कुल १०८१७ थान प्याड रू.९,३८,४३३।- को खरिद गरेको छ । गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८४६ जना रहेका छन् । स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को

दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। यस्तै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले खरिद गरेको स्यानिटरी प्याड मध्ये २५६६ थान प्याड मात्रै विद्यालयलाई हस्तान्तरण गरेको छ। खरिद गरेको ९५७३ थान स्यानिटरी प्याड स्टोर गरी राखेको पाईयो। पालिकाको स्टोरमा गुणस्तरमा कमी नआउने गरी सुरक्षीत रुपमा स्टोर व्यवस्थापन गरी छात्राहरुको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने स्यानिटरी प्याडको खरिद,भण्डारण तथा वितरण आवश्यकता अनुसार हुने व्यवस्था मिलाउनुपर्दछ । साथै आगामि बर्ष भण्डारणमा रहेको प्याड वितरण गरी आवश्यकताको पहिचान गरेर मात्र थप प्याड खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५.६ **बिद्यार्थी पोर्टफोलियो पुस्तक छपाई -** गाउँपालिकाले पालिका भित्रका कक्षा १ देखि ३ सम्मका बिद्यार्थीलाई बितरण गर्नको लागि बिद्यार्थी पोर्टफोलियो कुन्तादेवी सप्लायर्सबाट १५०० थान पुस्तक छपाई गरी रू.३,७२,९००।- भुक्तानी दिएको छ। पालिका भित्रका ३७ बिद्यालयमा कक्षा १-३ सम्ममा ९२६ जना बिद्यार्थी अध्ययनरत रहेको पाईयो । छपाई गरेको पुस्तक मध्ये ६८४ थान पुस्तकमात्र बिद्यालयलाई हस्तान्तरण गरेको छ। बिद्यालयगत बिद्यार्थी संख्याको आधारमा बाँकी बिद्यालयलाई पुस्तक हस्तान्तरण गर्ने र बिद्यालयले सम्बन्धित बिद्यार्थीलाई पुस्तक वितरण गरेको प्रमाण पेश गर्नुपर्दछ। साथै बिद्यार्थी संख्या भन्दा ५७४ थान बढी संख्यामा पुस्तक छपाई गरी रू.१,४२,६९७।- राज्यलाई थप व्ययभार पारेको रू.

| अनियमित भएको | १,४२,६९७ |
|---|---|

## ५६ स्वास्थ्य

५६.१ **तलब भत्ता खर्च -** स्वास्थ्य ससर्त स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शनको पृष्ट ३ मा स्थानीय तहमा कार्यरत स्वास्थ्य सम्वद्ध कर्मचारीको तलब भत्ता, पोषाक लगायतको प्रशासनिक खर्च शीर्षकबाट अन्य शीर्षकमा रकम विनियोजन गर्न नमिल्ने व्यवस्था छ। गाउँपालिकामा स्वास्थ्य तर्फ १४ स्थायी समेत ६६ कर्मचारी कार्यरत रहेको छ। यस वर्ष स्वास्थ्य तर्फ तलब भत्ता तथा प्रशासनिक खर्च शीर्षकबाट रू.१,९२,६३,३७७।- भुक्तानी दिएको छ। तलब भत्ता भुक्तानी दिदा तलवि प्रतिवेदन पारित गरेको छैन। साथै उक्त शीर्षकबाट तलब भत्ताका अतिरिक्त ढुवानी, मर्मत खर्च तथा तलब भत्ताको अतिरिक्त अन्य खर्चको भुक्तानी लगायतको खर्च लेखेको पाईयो । तलबी प्रतिवेद पारित गरेर स्वीकृत दरवन्दी भित्र रहने गरी कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी दिने तथा तलब भत्ता वाहेकको अन्य खर्चको भुक्तानी दिने कार्यमा नियन्त्रण गरी मार्गदर्शनको पालना गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६.२ **औषधी खरीद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामन खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्लो अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय बजार दर, अन्य बजारको दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधीको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक

कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यस वर्ष विभिन्न औषधी फरक फरक सप्लायर्सबाट टुक्रा पारि खरिद गरी रू.२२,१४,८०५।- भुक्तानी दिएको छ । कार्यालयले औषधी खरिद गर्दा आवश्यकता पहिचान औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन । औषधी खरिद, वितरण तथा हस्तान्तरण कार्य व्यवस्थित गर्ने र पटक पटक टुक्रा खरिद गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर मिति | विवरण | शीर्षक | रकम रु |
|---|---|---|---|
| १०-०७९।७।२ | निरिजमा मेडिकल | संघीय ससर्त | २३३९११ |
| ११-०७९।७।२ | निरिजमा मेडिकल | संघीय ससर्त | ३८४९०० |
| ७६-०७९।१०।११ | बासुकी मेडिसिन सप्लायर्स | संघीय ससर्त | ६०८६६२ |
| ११७-०७९।१२।२८ | बासुकी मेडिसिन सप्लायर्स | संघीय ससर्त | २४६७० |
| १२०-०७९।१२।२८ | निरिजमा मेडिकल | संघीय ससर्त | १२५४९९ |
| २८१,३९७-०८०।३।११ | निरिजमा मेडिकल | गाउँपालिका चालु | ३९८०८८ |
| २८३-०७९।१२।२८ | सोफी इन्टरनेशनल | गाउँपालिका चालु | ४३९०७५ |
| | **जम्मा** | | **२२१४८०५** |

सैद्धान्तिक बेरुजु

५७ **सामाजिक सुरक्षा**

........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ मा रू.२,५१,१९७।- सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको ।)***

५८ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण रकम |
|---|---|---|---|
| ५०-२०७९/१०/१७ | किल्खुरीदिङ्गा गुम्वा हुदै तारेकेनी सडक निर्माण वडा नं. ८ र ९ | ९,७७,३२३ | ९,७७,३२३ |
| ४६-२०७९/१०/१६ | हात्ते, कात्तीके खर्क हुदै भित्ते जोडने सडक निर्माण वडा नं. ६ | ५७७७७९ | ५७७९९८.३४ |
| ७५-२०७९/११/१७ | डाँडा कटेरी, खसीपारे,छेर्मादिङ्ग वती पारहाउस सम्म सडक स्तोरन्नती | २८८००० | २९०५६६ |
| ८१-२०७९/१२/१२ | साल्मे सिरिवानी सडक निर्माण वडा नं ६ | ६७२००० | ६७४६१२.६ |
| ८५-२०७९/१२/१३ | तिल्का थिङथिङ सडक निर्माण वडा नं ६ | ५७८६७४ | ५७८६७४.२३ |

सैद्धान्तिक बेरुजु

५९ **एकीकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम -** निर्मित अस्पतालमा थप कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्मको सोझै खरिद गर्न सकिने र नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले अमृत जलुकेनी संकर जे भि ठेक्का नं. KDRM/okh/works/NBC-04/2077.78 बाट रू.४,७२,६०,६५२।१७ मा ५ सैयाको अस्पताल निर्माण गरेपश्चात उक्त शीर्षकमा बाँकी रहेको बजेटबाट एउटै निर्माण व्यवसायीबाट पटक पटक सोझै तथा वोलपत्रबाट खरिद गरी थप कार्य गराई जम्मा रू.७६,८४,०९१।- भुक्तानी दिएको पाईयो। निर्माण व्यवसायीबाट निर्माण सम्पन्न भएपश्चात पटक पटक विभिन्न निर्माण व्यवसायीबाट थप काम गराउदा काममा दोहोरोपना भएको छैन भन्न सक्ने आधार भएन। साथै थप काम गर्नुपर्ने आवश्यकता भएमा एकमुष्ठ लागत अनुमान तयार गरी नियमावलीको व्यवस्था अनुसारको खरिद विधिको पालना गरी एउटै ठेकेदारबाट नियम अनुसार खरिद गरी निर्माण कार्य गराउनु पर्नेमा सो नगरेको पाईयो। टुक्राकाम मध्ये आल्मुनियम झ्याल ढोका, पाटेसन, फल सिलिङको कार्य कर्म भुमि निर्माण सेवाबाट टेण्डर मार्फत रू.४५,३३,२९५।- को काम गराई भुक्तानी गरेको छ भने अन्य एकै प्रकृतिको कार्यलाई ४ टुक्रा बनाई रू.३१,५०,७९६।- खर्च लेखेको छ । बोलपत्र मार्फत काम गराउदा रकम बाँकी रहेकोले अस्पताल क्वाटरमा नगरि नहुने काम भएकोले सोझै खरिद गरेको भन्ने कार्यालयको भनाई रहेतापनि, अस्पताल निर्माण डिपिआरलाई ध्यान दिई एउटै प्याकेज बनाई प्रतिस्पर्धाबाट खरिद गर्नु पर्नेमा टुक्रा गरी पटक पटक खरिद गरी दिएको भुक्तानी अनियमित देखिएको रू.

| भौचर मिति | कामको विवरण | निर्माण कम्पनी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५-०८०।१।२७ | अस्पतालको तला थप्ने काममा फलामको पाईप र पलास्टरको कार्य | शंकर निर्माण सेवा | ९४९७२८ | सोझै खरिद |
| ७-०८०।१।२७ | आल्मोनियमको झ्याल ढोका तथा छानो हाल्ने कार्य | शंकर निर्माण सेवा | ९६५६०३ | सोझै खरिद |

| | | | | |
|---|---|---|---|---|
| ७-०८०।१।२७ | आल्मोनियम फिटिङ्ग होल्डर तथा स्वीचको कार्य | शंकर निर्माण सेवा | २७०९७४ | सोझै खरिद |
| १७-०८०।३।२३ | कोरा मसिनो, रंग रोगन, टायल वत्तीको कार्य | कृशल कन्स्ट्रक्सन | ९६४४९१ | सोझै खरिद |
| १५-०८०।३।२३ | | कर्म भुमि निर्माण सेवा | ४५३३२९५ | बोलपत्र खरिद |
| **जम्मा** | | | **७६८४०९१** | |

| | |
|---|---|
| अनियमित भएको | ३१,५०,७९६ |

६० **लिखु भुसिङ्गा सडक ढाडे रागिनी खिजि चण्डेश्वरी फलाटे -** लिखु भुसिङ्गा सडक ढाडे रागिनी खिजि चण्डेश्वरी फलाटे खण्ड च्यानेज २+६५० देखि १०+६६० अर्थात १००१६ मिटर को सडक निर्माण तथा स्तरोन्नती कार्यको लागि पुष्पाञ्जली / सिंहदेवी जे. भी. अनामनगर काठमाडौसँग रू.३ करोड ७७ लाख ७० हजार २९१ मा १५ महिनामा सम्पन्न गर्ने गरी २०७७।१२।१६ मा संझौता गरेकोमा उक्त समयमा काम सम्पन्न हुन नसकि २०७९।९।३० सम्म म्याद थप गरेको देखिन्छ । म्याद थपको कारण तथा औचित्य स्पष्ट खुलाएको देखिदैन । त्यसैगरी हाल सम्म पनि म्याद थप प्रकिया अगाडी बढाएको देखिदैन।

**फरक चेनेजमा कार्य -** सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिलविजकको भुक्तानी खरिद सम्झौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्ने उल्लेखछ । डिपिआर तथा लागत अनुमानमा भएको चेनेज उल्लेख नभएको स्थान रिटेनिङ्ग तथा ब्रेष्ट वाल लगाएको देखिन्छ । डिपिआरमा उल्लेखित कार्य स्थाल रहे नरहेको एकिन गर्न ठेक्का लगाउनु अगाडी नै प्राविधिक जाँच गरी चेनेज सुधार गर्नुपर्छ । हाल सम्म चौथो रनिङ्ग विल सम्म रिटेनिङ्ग र ब्रेष्ट वालमा ढुङ्गाको गाहो लगाउने कामको लागि वि. ओ. क्यू.मा १९४२.३५ मध्ये १६४८.१६ घनमिटरको काम भइ रू.९५,५९,३३२।३५ भुक्तानी गरेको छ । जसमध्ये निम्न चेनेजमा गरेको भुक्तानी डिपिआरमा उल्लेखित चेनेजभन्दा फरक चेनेजमा काम गरेको नियमसम्मत नदेखिएको रू.

| चेनेज | परिमाण |
|---|---|
| २+७८० | ३.७५ |
| २+८०० | १३.८ |
| २+८२० | १३.६ |
| २+८२० | १२.८ |
| २+८४० | ८.०४ |
| २+८६० | २० |
| ३+०४० | २२.५ |
| ३+०४० | ४.५ |
| ३+०४० | २२.०५ |

| | |
|---|---|
| ३+०४० | २३.७१२ |
| ३+०६० | १८.२२५ |
| ३+०६० | १६.९६ |
| ३+०६० | १६ |
| ३+०६० | १५ |
| ३+३०० | ७६.२६ |
| ३+३८० | ४२.३४ |
| ३+४२० | ४३.०५ |
| ३+४६० | २३.९२ |
| ३+४६० | २९.०३ |
| ३+४६० | १२ |
| ३+४६० | २४.३५ |
| ३+५०० | २२.७५ |
| ३+५६० | २० |
| ३+५६० | २० |
| ३+५६० | १७.६ |
| ३+६०० | २०.४७ |
| ३+६०० | २२.८ |
| ३+६४० | ३७.८ |
| ४+४०० | ४८.५३ |
| जम्मा परिमाण | ६७१.८३७ घनमिटर |
| दर | ५८०० प्रति घनमिटर |
| **जम्मा** | **रू.३८६४२१९.८८** |

| | |
|---|---|
| अनियमित भएको | ३८,६४,२१९ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा , खिजीदेम्वा गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री डम्बरबहादुर रजनमगर | २०७९-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखापाल (पाँचौ) श्री दिपक घिमिरे | २०७६-८-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २७१,४७३ | ८,६२७,९३८ | ११,६४४,९७४ | ० | ० | ० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू. | | | | | २०,५४४,३८५ |
| प्रारम्भिक प्रतिवेदन उपर फस्यौंट गरी संपरीक्षण भएको रकम रू. | | | | | ११,६९०,१६५ |
| संपरीक्षणबाट थप भएको बेरुजु रू. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू. | | | | | ८,८५४,२२० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १८७९२८९.० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७५१५८३५३ | चालु खर्च | २४७६५०४९८ |
| प्रदेश सरकारबाट अनुदान | १७७३८८६४ | पुँजीगत खर्च | १०९५३५०६९ |
| राजश्व बाँडफाँट | ६९६५७९०१ | वित्तीय/अन्य व्यवस्था | ३२४३८१९.० |
| आन्तरिक आय | ३४४५४८७.० | | |
| अन्य आय | ७३१७०८१.० | | |
| कुल आय | ३७३३१७६८६ | कुल खर्च | ३६०४२९३८६ |
| बाँकी मौज्दात | | १४७६७५८९ | |